लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, सातौं, वरिष्ठ अधिकृत पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२६

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" ५० अङ्क

१. नेपालको संविधानका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । ५

२. कार्यालय समयको लचकतालाई नेपाल नागरिक उड्डयन प्राधिकरणमा प्रभावकारीरूपमा कसरी लागू गर्न सकिन्छ? लेख्नुहोस् । ५

३. शासन प्रणालीको लागि पारदर्शिता किन आवश्यक हुन्छ? नेपालको शासन प्रणालीमा पारदर्शिता कायम गर्नका लागि भएका व्यवस्थाहरू संक्षेपमा उल्लेख गर्नुहोस् । ४+६=१०

४. परिवर्तन व्यवस्थापन भन्नाले केलाई जनाउँछ? नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामक संस्थाको रूपमा अलगअलग निकाय स्थापना गर्ने क्रममा हुने परिवर्तनलाई कसरी सहजरूपमा व्यवस्थापन गर्न सकिन्छ? उल्लेख गर्नुहोस् । ३+७=१०

५. नेपालको संविधानमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचमा शक्तिपृथकीकरण र सन्तुलनको अवस्थालाई कसरी व्यवस्थित गरिएको छ? तथ्यसहित विवेचना गर्नुहोस् । १०

६. कार्य विश्लेषण भनेको के हो? यसको महत्व दर्शाउँदै नेपाल नागरिक उड्डयन प्राधिकरणका सन्दर्भमा कार्य विश्लेषण कसरी गरिन्छ? उल्लेख गर्नुहोस् । २+३+५=१०

## खण्ड "ख" ५० अङ्क

७. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार गैरकानूनी व्यापार व्यवसाय गर्ने राष्ट्र सेवकलाई हुने सजाँयबारे लेख्नुहोस् । ५

८. लेखापरीक्षणको परिचय दिँदै कार्यमूलक लेखापरीक्षणको चर्चा गर्नुहोस् । ५

९. हवाई नीति, २०६३ मा उल्लेख भएअनुसारको विमानस्थलको वर्गीकरण र सञ्चालन गर्ने विषय उल्लेख गर्दै विमानस्थल सेवा सुविधाहरूको बारेमा लेख्नुहोस् । १०

१०. उपभोक्ता संरक्षण परिषद्को काम, कर्तव्य र अधिकारका बारेमा लेख्नुहोस् । १०

११. नेपालमा २०१३ सालदेखि हालसम्म १५ वटा आवधिक योजनाहरू तयार भै कार्यान्वयनमा आएका छन् । यद्यपि देशको आर्थिक, सामाजिक लगायतका समग्र क्षेत्रमा अपेक्षित प्रतिफल प्राप्त नभएको र आवधिक योजनाहरू प्रभावकारी नभएको भन्ने गरिन्छ । हाम्रो सन्दर्भमा आवधिक योजनाहरू किन प्रभावकारी भएनन्? देखिएका समस्याहरूलाई समाधान गरी आवधिक योजनाहरूलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? उपायहरूसहित विवेचना गर्नुहोस् । ३+३+४=१०

१२. बजेट तर्जुमाका चरणहरू उल्लेख गर्दै नेपालमा विनियोजित बजेट पूरै खर्च गर्न नसक्नुका कारणहरूबारे विवेचना गर्नुहोस् । ५+५=१०

:: समाप्त ::